# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, चैत १४ गते २०५८ साल (अतिरिक्ताङ्क ७४

## भाग ३

श्री ५ को सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

#### दूर सञ्चार (दोस्रो संशोधन) नियमावली, २०५८

दूर सञ्चार नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दूर सञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "दूर सञ्चार (दोस्रो संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. दूर सञ्चार नियमावली, २०५४ को नियम ३ मा संशोधनः दूर सञ्चार नियमावली, २०५४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1322

"३ अध्यक्ष तथा सदस्यको योग्यताः प्राधिकरणको अध्यक्ष तथा सदस्य हुनको लागि ऐनको दफा ५ को उपदफा (१) मा उल्लेखित क्षेत्रमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा अध्यक्षको हकमा कम्तीमा दश वर्ष र सदस्यको हकमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको नेपाली नागरिक हुनुपर्नेछ ।"

३. मूल नियमावलीको नियम १८क. मा संशोधनः मूल नियमावलीको नियम १८क. मा रहेको "दफा" भन्ने शब्दको सट्टा "नियम" भन्ने शब्द राखिएको छ ।

४. मूल नियमावलीको नियम २६ मा संशोधनः मूल नियमावलीको नियम २६ मा देहायको स्पष्टीकरण थपिएको छ :–

"स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "वार्षिक कुल आम्दानी" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसंग लिएको धरौटी, सेवा कर, मूल्य अभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा दूर सञ्चार सम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकम बाहेक दूर सञ्चार सेवा प्रदान गरे बापत अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउँछ ।"

आज्ञाले,
प्रभाकर अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२२४